कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
☎०८१-५४०००९
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
(...................... शाखा)

प.सं. :
च.नं. :
मिति :......................

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०७९/११/१७)

कोहलपुर नगर कार्यपालिकाको मिति २०७९/११/०५ गतेको निर्णयानुसार नगर कार्यपालिकाको कार्यालय अन्तर्गत आधारभुत अस्पताल एवं शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्रमा रहने गरी देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र दिनको ३:०० बजेसम्म राजस्व तिरेको रसिद सहित नगर कार्यपालिकाको कार्यालयमा प्रशासन शाखामा दरखास्त दिनुहुन यस नगरपालिकाका श्रीमान् नगर प्रमुख स्तरीय निर्णयानुसार सम्बन्धित सबैको लागी यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| सि.नं. | बिज्ञापन नं. | पद | तह | संख्या | आवेदन दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ८-०७९/०८० | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं | २(दुई) | १००० | |
| २ | ९-०७९/०८० | क्षयरोग मुक्त अभियान संयोजक | अधिकृतस्तर छैठौं | १(एक) | १००० | |
| ३ | १०-०७९/०८० | स्टाफ नर्स | सहायक पाँचौ | १(एक) | ५०० | |
| ४ | ११-०७९/०८० | रेडियोग्राफर | सहायक पाँचौ | १(एक) | ५०० | |
| ५ | १२-०७९/०८० | मेडिकल ल्याब असिष्टेन्ट | सहायक चौथो | १(एक) | ४०० | |

१. आवश्यक न्युनतम योग्यता र अनुभवः

क. सम्बन्धित पदको लागि लोकसेवा आयोगले तोके बमोजिम योग्यता (मेडिकल अधिकृतका लागी MD/MS गरेकोलाई अनुभव वापत पूर्ण अंक दिइने, क्षयरोग मुक्त अभियान संयोजकका लागी BPH उतिर्ण)

ख. उमेरः दरखास्त दिने अन्तिम मितिमा अधिकृतस्तर पदका लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र सहायकस्तर पदका लागि १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता (कोहलपुर नगरपालिकामा प्राबिधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यबिधी, २०७५ बमोजिम)।

३. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, आवश्यक शैक्षिक योग्यताको प्रतिलिपी, प्रचलित कानून बमोजिम काउन्सिल वा परिषद दर्ता भएको प्रतिलिपी, स्थानीय खुल्ने कागजात, तालिम र अनुभव प्रमाणपत्रको प्रतिलिपी सहित पूर्णरुपमा भरिएको दरखास्त फाराम सहितको फाइल । पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

४. सेवा शर्त र सुविधाः करार सम्झौता बमोजिम ।

(टिकाराम ढकाल)
प्रमुख प्रशासकीय अधिकृत

Email : info@kohalpurmun.gov.np, kohalpurmun@gmail.com,
Website : www.kohalpurmun.gov.np, Facebook : www.facebook.com/kohalpurmun,
Twitter : www.twitter.com/kohalpurmun